# अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८१/०९/१४ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाको विवरण

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | विशेष अदालतको फैसला र आधार | आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरू |
|---|---|---|---|---|---|
| १ | ओमनारायण झा र अरहुला कुमारी ०७९-**CR**-०१७५) फैसला मिति २०८०।१२।४ | **गैरकानुनी लाभहानि गरी भ्रष्टाचार गरेको।** | **प्रतिवादी ओमनारायण झाको हकमा** -<br>झोला, हलभाडा तथा खाना खाजा खर्च वापत रु. ७,०१,३८०/-बिगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र (ञ) बमोजिमको कसूरजन्य कार्यमा सोही ऐनको दफा ८(१) बमोजिम कैद र बिगो बमोजिम जरिबाना गरी बिगो समेत असुलउपर हुन मागदाबी लिइएको पाइन्छ।<br><br>ख. **अरहुला कुमारीको हकमा**<br>भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१) को देहाय (ङ) र (ञ) बमोजिमको कसूरको रकम वा सुविधा लिने दिने प्रकृतिको मतियार | **फैसला-**<br>आंशिक ठहर।<br>**सफाइ दिँदाका आधार-**<br>**क. प्रतिवादी ओमनारायण झाको हकमा**<br>प्रतिवादी ओमनारायण झाको हकमा अभियोग पत्रमा दाबी गरिएको हलभाडाको बिगो रु १,४४,०००।- र खाजा खाना खर्चको बिगो रु १,८८,५००/- गरी जम्मा रु.३,३२,५००/- बिगो कायम गरी सजाय गरेको देखिएको तथा अभियोग माग दाबीमा दाबी गरिएको झोला खरिदको बिगो रु ३,६८,८८०/- को हकमा अभियोग पत्रमा झोलाको मूल्य स्पष्ट खुली नआएको र बजार मूल्यको आधारमा खरिद गरी प्रयोग गरेको देखिँदा झोला खरिदतर्फको वादी दाबी पुष्टि नहुने।<br>**ख. प्रतिवादी अरहुला कुमारीको हकमा**<br>प्रतिवादी अरहुला कुमारीको हकमा अभियोग पत्रमा दाबी गरिएको झोला खरिदको बिगो रु ३,६८,८८०/- को हकमा अभियोग मागदाबी गरिएको झोलाको मूल्य स्पष्ट खुली नआएको र बजार मूल्यको आधारमा खरिद गरी प्रयोग गरेको देखिँदा झोला खरिदतर्फको वादी दाबी पुष्टि नहुने। | क) भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, मधेश प्रदेशबाट आ.व. ०७८/०७९ मा मधेश प्रदेशका आठ वटै जिल्लामा सहकारी सम्बन्धी आयमूलक तालिम संचालन गर्न प्रतिवादी ओमनारायण झाले तालिम संचालनको लागि हल भाडामा लिएको तथा आठ वटै जिल्लामा संचालित तालिममा तीन दिन नै प्रशिक्षार्थीलाई खाना, खाजा उपलब्ध गराएको भनी नक्कली बिल, भरपाई एवम् कागजात तयार गरी ६ जिल्लामा हल भाडा नलिइकनै लिएको भनी रु.१,४४,०००/- र खाना, खाजामा नखुवाएको खाना तथा खाजाको समेत बिल वनाई वढी भुक्तानी लिएको रु.१,८८,५००/- गरी जम्मा रु.३,३२,५००/-बढी भुक्तानी लिएको भनी फैसलामा स्वीकारै गरिएको पाइन्छ।<br><br>उक्त तालिममा वितरण गरिएको झोला आपूर्तिकर्ता न्यान्सी जेनरल अर्डर सप्लायर्सका प्रोप्राइटर अरहुला कुमारीसँगको मिलेमतो र संलग्नतामा भ्याट बाहेकको प्रति झोलाको मूल्य रु.२२१२/- (भ्याट सहितको रु.२५००/-) राखी एउटा झोलामा नै रु.१५३७/- बढी मूल्यको बिल बिजक जारी गरी गराई २४० वटा झोला खरिदमा रु.३,६८,८८०/- गरी जम्मा रु.७,०१,३८०।- बढी रकमको बिल पेस गरी पेश्की रकम फछ्र्यौट तथा बाँकी रकम सोधभर्ना भुक्तानी लिएको हुँदा निज प्रतिवादी ओमनारायण झा र झोला आपूर्तिका सम्बन्धमा न्यान्सी जेनलर अर्डर सप्लायर्सकी प्रोप्राइटर प्रतिवादी अरहुला कुमारीले मतियारको कार्य गरी बढी मूल्यको बिल बीजक जारी गरी आफूलाई गैरकानुनी लाभ पुऱ्याउने र नेपाल सरकारलाई गैरकानुनी हानि नोक्सानी पुऱ्याउने बद्नियतपूर्ण कार्य गरे गराएको सम्बन्धमा उद्योग वाणिज्य क्षेत्रको आधिकारिक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | भई सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिमको कसूरमा निजलाई झोला आपूर्ति वापत बिगो रु.३,६८,८८०/- कायम गरी सोही ऐनको दफा ८(१) बमोजिम मुख्य कसूरदारलाई हुने सजायलाई आधार मानी सोही ऐनको दफा २२ को प्रतिबन्धात्मक वाक्यांश बमोजिम सजाय गरी बिगोसमेत असुलउपर हुन मागदाबी लिइएको। | | निकाय जनकपुर उद्योग वाणिज्य संघ, धनुषाका अनुसार प्रति झोलाको भ्याट बाहेकको मूल्य रु.६७५/- मात्र हुनु पर्नेमा उद्योग वाणिज्य संघबाट झोलाको मूल्य खुलाउन लगाई बिगो कायम गरी आरोपपत्रमा उल्लेख गरी पेश गरिएकोमा उद्योग वाणिज्य संघले मूल्य खुलाइ दिए तर्फ दृष्टि नदिई गरिएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ।<br>ख) न्यान्सी जेनरल अर्डर सप्लायर्सका प्रोप्राइटर प्रतिवादी अरहुला कुमारीले अदालत समक्ष गरेको बयानमा आफूले उद्योगबाट ब्याग खरिद गरेको नभई भ्यानबालासँग पटकपटक गरी प्रति ब्याग रु १७०० देखि १९०० सम्ममा खरिद गरेको कुरा उल्लेख गरेको देखिन्छ। कुनै पनि आपूर्तिकर्ता फर्मको प्रोप्राइटरले कार्यालयमा सम्झौता बमोजिम दाखिल गर्ने मालसामान (झोला) आधिकारिक मूल्य तथा उत्पादनको गुणस्तर खुल्ने उत्पादक कम्पनी हरू सँग खरिद गरी आपूर्ति गर्नुपर्नेमा विचौलिया (middleman) भ्यानबाला सँग हचुवा तवरले मूल्य कायम गरी खरिद गरेको भनी आपूर्ति गरेको देखिँदा देखिँदै र उक्त झोला हरूको सम्बन्धमा जनकपुर उद्योग वाणिज्य संघले प्रति झोला रु ६७५।— पर्ने भनी मूल्य खुलाई दिएको देखिँदा देखिँदै निज प्रतिवादी अरहुला कुमारीले प्रति ब्याग रु १७०० देखि रु १९०० परेको भनी उल्लेख गरेकै आधारमा सोही तथ्यलाई ग्रहण गरी प्रति ब्याग रु १७०० देखि रु १९०० मूल्य कायम गरी प्रतिवादीलाई सफाइ दिई भएको फैसला त्रुटिपूर्ण देखिँदा बदरभागी रहेको छ। |